# सिङ्ग गोर्खा इन्भेष्टमेन्ट लिमिटेड (Sing Gurkha Investment Ltd)

## पाँचौं वार्षिक साधारण सभा

## आ. व. २०८१/८२ को प्रगति प्रतिवेदन तथा आ. व. २०८२/८३ को भावी कार्ययोजना

---

## १. आ. व. २०८१/८२ को प्रगति प्रतिवेदन

१. कम्पनीले खुद्रा व्यापार (Department Store) तथा शेयर बजारमा निरन्तर रूपमा लगानी गर्दै आएको छ।
२. शेयर सदस्यहरू र कर्मचारीहरूका लागि डिपार्टमेन्ट स्टोरहरूमा सामान खरिद गर्दा २% छुट सुविधा निरन्तर प्रदान गरिएको छ।

३. **Sing Gurkha Department Store (SGIL)** ले नेपाल मार्ट व्यवसायी संघको सदस्यता प्राप्त गर्ने प्रक्रिया अघि बढाएको छ। साथै, सिङ्ग गोर्खा इन्भेष्टमेन्ट लिमिटेडका अध्यक्षज्यू उक्त संघको सञ्चालक समितिमा सदस्यको रूपमा समावेश हुनुभएको छ।
४. संस्थाको समग्र अवस्था सन्तोषजनक र दिगो रहेको छ। विशेषगरी, भविष्यमा थप लगानीका लागि अनुकूल वातावरण र अवसरहरू सिर्जना भइसकेका छन्।

---

## २. आ. व. २०८१/८२ को कार्ययोजनाको कार्यान्वयन स्थिति

| क्र.सं | कार्य योजना | कार्यान्वयन अवस्था |
|---|---|---|
| १ | Department Store को स्तर उन्नति | केही सुधारहरू ल्याइएको छ र थप सुधारका प्रयासहरू निरन्तर जारी छन्। |
| २ | Online माध्यमबाट बिक्री | **Daraz Online** मार्फत निरन्तर रूपमा बिक्री भइरहेको छ। |
| ३ | कम्पनीको मौजुदा शेयर बिक्री गरी पूँजी वृद्धि (नयाँ लगानी आकर्षण) | १,४०,००० युनिट (रु. १,४०,००,०००) शेयर बिक्री गरी जग्गा खरिद गरिएको छ। यस कार्यलाई निरन्तरता दिने विषयमा छलफल भइरहेको छ। |
| ४ | Secondary Share खरिद तथा बिक्री | यो आर्थिक वर्षमा पनि निरन्तर रूपमा सञ्चालन भइरहेको छ। |
| ५ | घर-जग्गा खरिद तथा बिक्री कार्य प्रारम्भ | व्यवसाय विस्तारको उद्देश्यले ६ रोपनी जग्गा खरिद गरिएको छ। यससम्बन्धी आकांक्षा योजना PowerPoint मार्फत प्रस्तुत गरिनेछ। |
| ६ | Wine Factory स्थापना गर्ने तयारी | वाइन उद्योग सञ्चालनका लागि अनुसन्धान र आवश्यक प्रक्रिया प्रारम्भ गरिएको छ। जग्गा खरिद भइसकेको हुँदा यस आयोजनालाई अगाडि बढाउने विषयमा छलफल जारी छ। |

---

## ३. आ. व. २०८२/८३ को भावी कार्ययोजना

क. अहिले सञ्चालनमा रहेका व्यवसायहरूलाई मूल्याङ्कन, सुधार र सुदृढीकरण गर्दै निरन्तरता दिने।
ख. मण्डनदेउपुर–३, नगरकोटस्थित जग्गामा **व्यापारिक केन्द्र (Business Hub)** निर्माण तथा विकास कार्‍य सुरु गर्ने, जसको विस्तृत आकांक्षा योजना PowerPoint मार्फत प्रस्तुत गरिनेछ।
ग. कम्पनीको मौजुदा शेयर बिक्री गरी **पूँजी वृद्धि (नयाँ लगानी आकर्षण)** कार्यलाई निरन्तरता दिने।
घ. SGIL का आगामी आयोजनाहरू सफलतापूर्वक अगाडि बढाउनका लागि आदरणीय शेयरधनीज्यूहरूसँग नियमित अन्तर्क्रिया बैठकहरू आयोजना गर्ने।

---

## ४. धन्यवाद ज्ञापन

अन्त्यमा, यस संस्थालाई पाँचौं वार्षिक साधारण सभासम्म ल्याउन सहयोग पुर्‍याउनु भएका सम्पूर्ण शेयरधनीज्यूहरू, सञ्चालकज्यूहरू तथा कर्मचारीज्यूहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।
प्रस्तुत प्रतिवेदन तथा भावी कार्ययोजनामा कुनै त्रुटि वा कमी-कमजोरी भएमा कृपया सुधार गर्ने अवसर प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु।

धन्यवाद।

**बम प्रसाद राई**
अध्यक्ष
**सिङ्ग गोर्खा इन्भेष्टमेन्ट लिमिटेड**
मिति: २०८२/०७/१५ गते